राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक ३२२ २०८३ असार ६ गते आईतवार (21 June 2026) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## ११ महिनामा मधेशको राजस्व ३० अर्ब नाघ्यो



दैनिक समाचारदाता
जनकपुरधाम, ६ असार । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ११ महिनामा ३० अर्ब रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ। प्रदेश सरकारको अर्थ मन्त्रालयका अनुसार जेठ मसान्तसम्म कुल ३० अर्ब १७ करोड १४ लाख ७३ हजार रुपैयाँ राजस्व प्राप्त भएको हो।

अर्थ मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले प्रदेशको आन्तरिक राजस्व संकलन ४ अर्ब ५९ करोड ३३ लाख ८४ हजार रुपैयाँ पुगेको जानकारी दिए। उनका अनुसार प्रदेश सरकारको प्रमुख आन्तरिक आयस्रोत घरजग्गा रजिस्ट्रेशन शुल्क तथा सवारीसाधन कर रहेका छन्।

समीक्षा अवधिमा घरजग्गा रजिस्ट्रेशन शुल्कबाट १ अर्ब १८ करोड १२ लाख ९५ हजार रुपैयाँ तथा सवारीसाधन करबाट २ अर्ब १ करोड ५० लाख ५० हजार रुपैयाँ राजस्व संकलन भएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी, सवारी चालक अनुमतिपत्र वितरण तथा सवारी दर्ता दस्तुरबाट ६८ करोड ८२ लाख ७० हजार रुपैयाँ, यातायात क्षेत्रसँग सम्बन्धित अन्य आम्दानीबाट ११ करोड १० लाख ५९ हजार रुपैयाँ तथा दहत्तर-बहत्तर बिक्रीबाट १० करोड ९ लाख ३५ हजार रुपैयाँ राजस्व प्राप्त भएको छ।

प्रदेश सरकारले संघीय राजस्व बाँडफाँटमार्फत पनि उल्लेखनीय रकम प्राप्त गरेको छ। मन्त्रालयका अनुसार मूल्य अभिवृद्धि कर (भ्याट) बाँडफाँटबाट ७ अर्ब ७५ करोड ६४ लाख ९९ हजार रुपैयाँ तथा अन्तःशुल्क करबाट २ अर्ब ७७ करोड ४१ लाख रुपैयाँ प्राप्त भएको छ।

यस्तै, संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानअन्तर्गत ७ अर्ब ६ करोड १६ लाख ७८ हजार रुपैयाँ प्राप्त भएको छ। सशर्त अनुदानतर्फ चालु खर्चका लागि २ अर्ब १७ करोड २७ लाख ७२ हजार रुपैयाँ तथा पुँजीगत खर्चका लागि १ अर्ब ५६ करोड ३० लाख ४० हजार रुपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार आर्थिक गतिविधिमा आएको सुस्तता, घरजग्गा कारोबारमा कमी, नयाँ सवारीसाधन खरिद-बिक्री घट्नु तथा गत भदौ २३ र २४ गते जनमत पार्टी नेतृत्वमा भएको आन्दोलनका क्रममा राजस्व संकलन गर्ने निकायमा पुगेको क्षतिले राजस्व संकलन प्रभावित भएको थियो।

यद्यपि विभिन्न चुनौतीका बाबजुद चालु आर्थिक वर्षको ११ महिनामा भएको राजस्व संकलन समग्रमा सन्तोषजनक रहेको अर्थ मन्त्रालयको भनाइ छ।

## पत्रकार यादवमाथि आक्रमण महासंघको भर्त्सना



दैनिक समाचारदाता
सप्तरी, ६ असार । नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सदस्य, प्रेस स्वतन्त्रता सेनानी तथा गोरखापत्रका सप्तरी संवाददाता देवराम यादवमाथि आक्रमण भएको छ। बाटोसम्बन्धी समाचार प्रकाशन भएपछि महादेवा गाउँपालिकाकी उपाध्यक्ष अर्चना यादवका पति सुरेन्द्र यादवसहितको समूहले शनिबार बिहान पत्रकार यादवमाथि कुटपिट गरेको आरोप लागेको छ।

नेपाल पत्रकार महासंघ सप्तरी शाखाका कार्यवाहक सचिव डम्बर राईका अनुसार महादेवा गाउँपालिकास्थित हुलाकी राजमार्गअन्तर्गत खाँडो पुल क्षेत्रमा पत्रकार यादव कुरा गरिरहेको अवस्थामा सुरेन्द्र यादवसहितको समूहले हेल्मेट प्रहार गरी उनीमाथि आक्रमण गरेको थियो।

घटनाप्रति नेपाल पत्रकार महासंघ सप्तरी शाखाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। महासंघले पत्रकारमाथि भएको कुटपिटको घटनाको कडा भर्त्सना गर्दै यसलाई प्रेस स्वतन्त्रतामाथिको आक्रमणका रूपमा लिएको उल्लेख गरेको छ।

*बाँकी पृष्ठ ४मा*

**मौसमी भाइरसबाट सुरक्षित रहौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऊँ,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

*स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं*

*चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## आगामी वर्षदेखि रामजानकी रंगशाला निर्माण सुरु हुने

दैनिक समाचारदाता
जनकपुरधाम, ६ असार । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधामस्थित रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशालाको निर्माण कार्य आगामी आर्थिक वर्षदेखि सुरु गरिने बताएका छन्। मधेश खेलकुद परिषद्को आयोजनामा शनिबार जनकपुरधाममा सुरु भएको नेकोस कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले प्रदेश सरकारले रंगशाला निर्माणलाई उच्च प्राथमिकतामा राखेको जानकारी दिए।उनका अनुसार रंगशाला निर्माणका लागि आगामी आर्थिक वर्षमा करिब २ अर्ब ५६ करोड रुपैयाँ लागत अनुमान गरिएको छ र निर्माण प्रक्रिया औपचारिक रूपमा अघि बढाइनेछ।





मुख्यमन्त्री यादवले खेलकुद क्षेत्रको समग्र विकासका लागि प्रदेश सरकारले विशेष योजना ल्याएको उल्लेख गर्दै क्रिकेटसहित अन्य खेलको प्रवर्द्धन र पूर्वाधार विकासमा आवश्यक बजेट विनियोजन गरिने बताए। उनले प्रदेशका आठवटै जिल्लामा रहेका खेलमैदानको स्तरोन्नति तथा खेल पूर्वाधार विस्तारमा सरकार प्रतिबद्ध रहेको धारणा व्यक्त गरे। कार्यक्रममा मधेश खेलकुद परिषद्का सदस्य-सचिव शिवजी यादवले खेलकुदलाई युवासँग जोडेर व्यावसायिक बनाउन परिषद्ले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए। खेलकुद क्षेत्रको विकासले प्रदेशको समग्र विकासमा सकारात्मक योगदान पुर्‍याउने विश्वास व्यक्त गर्दै उनले मधेशलाई खेलकुदमय प्रदेश बनाउने अभियानलाई थप तीव्रता दिइने उल्लेख गरे। शनिबारदेखि सुरु भएको नेकोस कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगितामा मधेश, कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका टोलीसँगै नेपाल एपीएफ क्लब गरी आठ टोलीको सहभागिता रहेको छ। प्रतियोगिताका खेलहरू जनकपुरधाम र वीरगञ्जमा सञ्चालन हुनेछन् भने फाइनल खेल वीरगञ्जमा आयोजना गरिने आयोजकले जनाएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# समावेशिता र प्रतिनिधित्वको खोजी

नेपालमा निर्वाचन प्रणालीलाई अझ समावेशी, प्रतिनिधिमूलक र जनउत्तरदायी बनाउने बहस पुनः तीव्र बनेको छ। निर्वाचनसम्बन्धी विद्यमान आठवटा ऐनलाई एकीकृत गरी नयाँ निर्वाचन कानुन निर्माण गर्ने तयारी भइरहेका बेला विभिन्न तहबाट आएका सुझावहरूले लोकतन्त्रको गुणस्तर अभिवृद्धि गर्ने दिशामा महत्वपूर्ण संकेत गरेका छन्। जनकपुरधाममा सम्पन्न 'निर्वाचन सुधार, सुशासन र जनसहभागिता सम्बन्धी प्रादेशिक संवाद' मा उठाइएका विषयहरूले निर्वाचन प्रणाली सुधारको आवश्यकता र चुनौती दुवैलाई उजागर गरेका छन्।

स्थानीय तहको निर्वाचनलाई निर्दलीय बनाउने तथा निर्वाचन क्षेत्र निर्धारण गर्दा भौगोलिक क्षेत्रभन्दा जनसंख्यालाई आधार मान्नुपर्ने सुझाव विशेष रूपमा चर्चामा रहे। लोकतान्त्रिक प्रणालीमा प्रत्येक नागरिकको मतको समान मूल्य सुनिश्चित गर्न जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नु स्वाभाविक र न्यायोचित मानिन्छ । नेपालको वर्तमान व्यवस्थामा कतिपय क्षेत्रमा कम जनसंख्या हुँदा पनि समान प्रतिनिधित्व पाइरहेको र घना जनसंख्या भएका क्षेत्रमा प्रतिनिधित्व तुलनात्मक रूपमा कमजोर रहेको गुनासो लामो समयदेखि उठ्दै आएको छ। त्यसैले निर्वाचन क्षेत्र पुनःनिर्धारणको विषयलाई गम्भीरतापूर्वक लिनु आवश्यक देखिन्छ।

संवादमा सहभागीहरूले दलित, महिला, युवा तथा अन्य सीमान्तकृत समुदायको प्रतिनिधित्व अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन्। विशेषगरी महिलाभित्र पनि दलित महिलाका लागि छुट्टै कोटा व्यवस्था गर्नुपर्ने मागले समावेशी लोकतन्त्रको वास्तविक अर्थलाई उजागर गर्छ। संविधानले सुनिश्चित गरेको समावेशिताको भावना केवल कागजमा सीमित नरही व्यवहारमा पनि कार्यान्वयन हुनुपर्छ। दलित समुदायका लागि आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था तथा युवाहरूको प्रभावकारी सहभागिता सुनिश्चित गर्ने विषय पनि लोकतन्त्रलाई जीवन्त बनाउने महत्वपूर्ण आधार हुन्।

संवादमा उठेको अर्को महत्वपूर्ण विषय 'नो भोट' सम्बन्धी व्यवस्था हो। मतदातालाई असन्तुष्टि व्यक्त गर्ने अधिकार दिनु लोकतान्त्रिक अभ्यासको हिस्सा भए पनि यसको प्रभाव र सम्भावित परिणामबारे गम्भीर अध्ययन आवश्यक छ। त्यसैगरी विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार दिने विषय पनि लोकतान्त्रिक अधिकारको विस्तारसँग जोडिएको छ। तर त्यसका लागि पारदर्शी, सुरक्षित र विश्वसनीय प्रणाली विकास नगरी हतारमा निर्णय गर्नु उपयुक्त हुँदैन। दूतावासमार्फत मतदानको व्यवस्था जस्ता विकल्पहरू व्यवहारिक हुन सक्छन्।

स्थानीय तहमा दलित सदस्यको अनिवार्य प्रतिनिधित्वसम्बन्धी संवैधानिक व्यवस्थालाई कमजोर पार्ने कुनै पनि कानुनी प्रावधान स्वीकार्य हुन सक्दैन। यदि दलित प्रतिनिधि उपलब्ध नभएको अवस्थामा अन्य समुदायलाई प्रतिस्थापन गर्ने व्यवस्था गरियो भने त्यो संविधानको मर्म र सामाजिक न्यायको सिद्धान्तविपरीत हुनेछ। यसतर्फ कानुन निर्माताहरू गम्भीर हुन आवश्यक छ।

नेपालमा अझै पनि निर्वाचनका बेला विकास निर्माणको आश्वासनलाई प्रमुख आधार बनाएर उम्मेदवार छनोट गर्ने प्रवृत्ति देखिन्छ । जबकि सांसदको मूल जिम्मेवारी प्रभावकारी कानुन निर्माण, नीति तर्जुमा तथा सरकारको निगरानी गर्नु हो। नागरिकस्तरमा पनि प्रतिनिधिको भूमिकाबारे सही बुझाइ विकास गर्न आवश्यक छ।

निर्वाचन सुधार केवल कानुन संशोधनको विषय मात्र होइन; यो लोकतन्त्रलाई थप समावेशी, उत्तरदायी र जनकेन्द्रित बनाउने प्रक्रिया हो। नयाँ निर्वाचन कानुन निर्माण गर्दा सबै समुदायको प्रतिनिधित्व, समान अवसर, मताधिकारको सम्मान र संवैधानिक मूल्य-मान्यतालाई केन्द्रमा राख्न सकिएमा मात्र लोकतन्त्रप्रति जनविश्वास बलियो बन्न सक्छ। त्यसैले अहिले उठिरहेका सुझावहरूलाई औपचारिक प्रक्रिया पूरा गर्ने माध्यमका रूपमा मात्र होइन, लोकतन्त्रको भविष्य निर्माण गर्ने अवसरका रूपमा ग्रहण गरिनुपर्छ।

# फासीवाद के हो?



सीके लाल

'सन्तुलनको नाममा, हनिमुन पिरियडसम्म नबोलौँ भन्ने नाममा छुट दिनुपर्छ भन्ने म ठान्दिनँ। कुनै जनावर कुकुरजस्तो गरी हिँड्छ, कुकुरजस्तो भुक्छ र चालामाला हेर्दा बहुलाएजस्तो छ भने त्यसलाई पहिले टोक्न दिऔँ, टोकेपछि मात्र निराकरणतर्फ लागौँला भनी छोड्न मिल्छ?'

शासकीय शब्दका रूपमा 'फासीवाद'लाई पाँचवटा आयामबाट हेर्नुपर्ने हुन्छ। पहिलो, यसमा धर्मान्धता हुन्छ। जसरी क्राइस्टलाई किला ठोकेर क्रसमा झुन्ड्याइयो; त्यस्तो किसिमको धर्मान्धता, जसले 'क्रुसेड' निम्त्यायो, जसले हिन्दु धर्ममा दलितप्रतिको अन्याय निम्त्यायो। बुद्धमार्गीहरूले बर्मामा रोहिंग्याहरूमाथि गरेका छन् अथवा श्रीलङ्कामा हिन्दुहरूमाथि गरेका छन्। यो सबै धर्मान्धताकै आयाम हो।

फासीवादको दोस्रो आयाम राष्ट्रवाद हो। राष्ट्रभक्ति राम्रो कुरा हो, तर राष्ट्रोन्माद, जसले राष्ट्रका लागि मर्न तयार हुने होइन, मार्न मात्रै तयार हुने बनाउँछ; त्यस्तो राष्ट्रोन्माद फासीवादको राजनीतिक आयाम हो।

तेस्रो, यसको सामाजिक आयाम हुन्छ। त्यो भनेको 'अन्यप्रतिको घृणा' हो, जसले 'म तिमीलाई चिन्दिनँ, त्यसैले म तिमीलाई घृणा गर्छु' भन्छ।

त्यसपछि चौथोमा आउँछ, 'डेमागोगरी' । यो उन्मादका रूपमा अभिव्यक्त हुन्छ। यसले 'हामीले मात्रै जोगाउन सक्छौँ' भन्छ।

अनि पाँचौँमा थपिन आइपुग्छ, 'प्रियतावाद'। यसमा आर्थिक पक्ष गाँसिन आइपुग्छ।

यी पाँचवटै आयामहरू जोडियो भने स्वाभाविक रूपमा त्यो अत्यन्तै निरङ्कुश शासन व्यवस्था हुन जान्छ। यसैको साङ्गोपाङ्गो रूपलाई इटालीमा 'फासीवाद' भनियो। जर्मनीमा 'नाजीवाद' भनियो। भारतमा 'हिन्दुत्व'को शासन भन्नुपर्ने होला। नेपालमा हालसम्म स्थापित शब्दावलीमा नजिकको शब्द 'राणाशाही' हुन्छ। यो तानाशाहीसँग मिल्दोजुल्दो छ।

तर, प्रत्येकपटक समाजको सतहमा देखापर्ने फासीवादका आफ्नै विशेषता हुन्छन्। हामी अहिले जुन युगमा बाँच्दै छौँ, त्यो कारोबारी युग हो। यसलाई दुई कोणबाट हेर्न मिल्छ। एउटा, यदि माग छ भने आपूर्ति हुन्छ। अर्को, उपलब्ध गराउनेले माग सिर्जना गराउँछ।

राजनीतिक उद्यमीले जहिले पनि माग सिर्जना गराउँछ। सामाजिक दृष्टिकोणबाट हेर्ने हो भने, फासीवादको माग समाजमा अनिश्चितता बढेको समयमा बढी हुन्छ। जब समाजमा 'न्यायभन्दा बरु व्यवस्था' अर्थात् 'नट जस्टिस, बट रुल एन्ड अर्डर' (ल्यत वगकतष्अभ, दगत चगभि बलम यचमभच) भन्ने महत्त्वपूर्ण हुँदै जान्छ, फासीवादी चरित्रले समाजमा प्रश्रय पाउँदै जान्छ।

पुरानो जमानाको फासीवादमा अनुशासित सेना तयार गरेर, कानुन लगाएर मुख्यतः सैन्यतन्त्रले त्यसलाई लागू गरेको थियो। अहिलेका आपूर्तिकर्ताहरूलाई त्यति धेरै दुःख गरिराख्नुपर्ने छैन। किनभने समाजमा यसलाई एउटा अवसरका रूपमा देख्ने समूह उत्पन्न भएको छ, जो तपाईं-हामीजस्तै देखिन्छ।

प्रचारतन्त्रका हतियारहरू यति बलिया भएका छन् कि यो आपूर्तिकर्ताहरूलाई वर्षौं लगाएर सङ्गठन बनाउनुपर्ने, अनुशासित गर्नुपर्ने, हतियार किन्नुपर्ने झन्झट बेहोर्नु परेन। किनभने इतिहासमै नदेखिएको आर्थिक, सामाजिक र सांस्कृतिक असमानता यति नै बेला सबैभन्दा सघन छ। र, असमानताले कट्टरतालाई बढाउँछ।

संसारभर कतै सैनिक तानाशाहको नाममा, कतै निर्वाचित निरङ्कुशताको नाममा, कतै पैतृक शासनको नाममा त कतै ठूला व्यापारीहरूको धनाढ्यतन्त्रको नाममा चलेका व्यवस्थाहरू सबै फासीवादका स्वरूप हुन्।

झट्ट हेर्दा फासीवादजस्तो देखिँदैन, तर मर्मचाहिँ फासीवादी छ।

खासगरी फासीवाद भनेर हामी जे विषयमा चर्चा गर्न खोजिरहेका छौँ, यसको सामाजिक-सांस्कृतिक जग के हो भन्ने हेरौँ। पहिले नेपालमा यसका आधारहरू के-के हुन् भनी हेरौँ अनि वैश्विक आधारहरूमा यसलाई हेर्नु सान्दर्भिक होला।

अहिले सुरक्षाको अवस्था कस्तो छ भनी हेरौँ। हामीले के देख्यौँ भने, जो एउटा पसलको वा फ्याक्ट्रीको मालिक हो, सामान्य वा अर्बपति हो, उसलाई पनि बिनाआधार लगेर थुन्न सक्ने अवस्था छ। अर्थात्, आर्थिक रूपमा असुरक्षा छ। बेरोजगारीबारे कुरै गर्नु परेन। विदेश पलायन हुनेको सङ्ख्या वा अवस्था हेर्नुभयो भने थाहा हुन्छ।

चराले गुँड छोडेर हिँड्दा पनि साँझ फर्किन्छु भन्ने हुन्छ। हामी यस्तो चरा भएका छौँ, जो गुँडमा फर्किनु नपरोस् भनेर हिँड्नु परेको छ। राज्यप्रति चरम निराशा छ। त्यो भनेको राज्यले राम्रो केही गर्ला भन्ने भाव नै छैन। भ्रष्टाचारको अवस्था त्यस्तै छ। मेसिनरी औजारमा ग्रिज गरेर, तेल हालेर मेसिन चलाऔँ भन्ने त सबैतिर हुन्छ, तर यहाँ त कर तिर्न आफैँले पैसा दिएर काम गराउनुपर्ने अवस्था छ।

पैसा नदिए कामै नहुने, नियम बनाएर भ्रष्टाचार गर्ने अवस्था छ। जात, धर्म, क्षेत्र, भाषा, मधेस-पहाडको पहिचानको सर्वत्र जुन तनाव छ, त्यसले मानिसलाई आफ्नो वास्तविक स्वभावमा सहज भएर बस्न दिएकै छैन।

बालेन्द्र शाहज्यूलाई सूर्यवंशी बन्नुपरेको छ। जनजातिहरूले हाम्रा पुर्खा त मुखिया हुन् भन्नुपरेको छ। अर्थात्, हामी भनेको राजासरह नै त हो भन्नुपरेको छ। सङ्घीयता अपनाइयो तर सङ्कटमा छ। धर्मनिरपेक्षता नाम मात्रैको छ। र, वास्तविक धर्मनिरपेक्षता कतै अस्तित्वमा छैन। यो सबैको बीचमा गणतन्त्र नै कहाँबाट कहाँ पुगेको हो भन्नुपरेको छ।

ठीक यति नै बेला 'एक जना बलियो नेता आयो भने मात्र त्यसले सबैलाई ठीक पार्छ', 'नयाँ जङ्गबहादुर जन्मिनुपर्छ' अनि 'भ्रष्टाचारीहरूलाई टुँडिखेलमा लगेर खरीको बोटमा झुन्ड्याउनुपर्छ' (टुँडिखेलमा हाल खरीको बोट त छैन सायद मञ्चमै झुन्ड्याउनुपर्छ भनेको हुनुपर्छ) भन्ने मनोविज्ञानले सबैलाई शासित गरेको छ।

अब फासीवादको अन्तर्राष्ट्रिय आयामहरू हेरौँ।

मलाई के लाग्छ भने, फासीवाद नेता वा पार्टीको सङ्कट होइन, सामाजिक सङ्कटको उत्पादन हो। यो सङ्कटलाई एउटा महत्त्वाकांक्षी व्यक्तिले अधिनायकवादी समाधानमा बदल्छ। उसले 'मलाई चुन्यौ भने सब ठीक पार्छु', 'मलाई पत्याऊ' भन्छ। त्यसमा मध्यम वर्गको असुरक्षा भावले आगोमा घिउ थप्ने काम गर्छ, जसरी इटाली र जर्मनीमा भएको थियो।

खासमा मध्यम वर्गलाई तलबाट जनदबाब र माथिबाट सम्भ्रान्तको डर हुन्छ। उदाहरणका लागि, पहिले मेरो बुबाको पालासम्म मैले मेहनत गरेर छोरालाई पढाएँ अथवा सानै भए पनि पसल खोलिदिएँ वा जग्गाजमिन जोडेर राखिदिएँ भने ऊ अलिकति सम्पन्न हुन्छ भन्ने आशा थियो। तर म हुँदै मेरो छोराको पालासम्म आइपुग्दा मध्यम वर्गलाई त्यस्तो लाग्नै छाडेको छ।

मध्यमवर्गीय परिवारमा मभन्दा मेरो छोराछोरीको भविष्य यही देशमा राम्रो हुन्छ भन्ने नेपालमा मात्रै होइन अमेरिकामा पनि मानिसहरूलाई लाग्न छोडेको छ। आफ्नो शुद्ध कमाइले अमेरिकामा अपार्टमेन्ट र नेपालमा घर किनेर बस्न सक्ने अवस्था झन्झन् साँघुरिँदै गएको छ। भारतका महानगरहरूमा त झन् असम्भवप्रायः छ।

भविष्यप्रतिको यस्तो निष्पट अँध्यारो र अनिश्चितताले फासीवादी अभ्यासलाई बल पुऱ्याउँछ।

अनि फासीवाद सामाजिक क्रान्तिहरूले बीचमै बाटो बिराए भने पनि मौलाउने अवसर पाउँछ। तपाईंले एउटा सामाजिक क्रान्ति सुरु गर्नुभएको थियो र बीचैमा छाडिदिनुभयो भने- आस जगाएर निराश बनेको जुन अवस्था हुन्छ, त्यसले फासिस्ट शक्तिहरूलाई हुर्किने वातावरण तयार गरिदिन्छ।

अनि फासिस्टहरूले के गर्छन् त? उनीहरूले समस्याको वास्तविक समाधान खोज्नुको सट्टा एउटा शत्रु खडा गर्छन्। त्यो शत्रु बाहिरको भयो भन्ने झन् राम्रो। आन्तरिक हो भने अपेक्षाकृत कम सङ्ख्यामा

बाँकी पृष्ठ ३मा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# गुगलद्वारा एन्ड्रोइड १७ र वेयर ओएस ७ सार्वजनिक



गुगलले आफ्नो नयाँ मोबाइल अपरेटिङ सिस्टम 'एन्ड्रोइड १७' र स्मार्टवाचका लागि 'वेयर ओएस ७' को फाइनल भर्सन आधिकारिक रूपमा बजारमा ल्याएको छ।

सधैँझैँ यो नयाँ सफ्टवेयर अपडेट सबैभन्दा पहिले गुगलकै पिक्सेलस्मार्टफोनहरूमा उपलब्ध गराइएको छ। यस पटकको जुन २०२६ 'पिक्सेल ड्रप' मा गुगलले आफ्ना लेटेस्ट आर्टिफिसियल इन्टेलिजेन्स मोडेलहरूलाई प्राथमिकताका साथ फोनभित्रै समेटेको छ ।




जसमा म्युजिक जेनेरेट गर्ने 'लिरिया ३' , मल्टिमोडल क्षमताको 'जेमिनी ओम्नी' र अडियोएलएम समावेश छन्।

यो नयाँ अपडेटले गुगलको एआई केन्द्रित रणनीतिलाई देखाउँछ । जहाँ आगामी सेप्टेम्बरमा एप्पलले आफ्नो आईओएस २७ मार्फत सिरी लाई अपग्रेड गर्ने तयारी गरिरहँदा गुगलले भने एन्ड्रोइड १७ मार्फत क्रिएटिभिटी र कम्युनिकेसनका लागि उच्च स्तरीय एआई फिचरहरू पहिल्यै प्रदान गरिसकेको छ।

नयाँ पिक्सेल ड्रप अन्तर्गत एन्ड्रोइडको 'क्विक सेयर' फिचरलाई पुराना पिक्सेल ८ए र ९ए मोडलहरूमा एप्पलको 'एयरड्रप' सँग मिल्दोजुल्दो बनाइएको छ। युजरले जेमिनी एपभित्र 'लिरिया ३' को मद्दतले सिम्पल कमान्ड वा फोटो अपलोड गरेरै गीत वा सङ्गीत बनाउन सक्नेछन् ।

'जेमिनी ओम्नी' मार्फत च्याट गर्दागर्दै भिडियो एडिट गर्न सकिनेछ। यसका साथै पिक्सेल १०ए फोनहरूमा अब रियल-टाइम स्पिच-टु-स्पिच ट्रान्सलेसन सर्भिस अझ बढी प्रभावकारी हुनेछ।

दैनिक प्रयोग र मनोरञ्जनका लागि एन्ड्रोइड १७ मा धेरै नयाँ फिचरहरू थपिएका छन्। सोसल मिडिया युजरहरू र कन्टेन्ट क्रिएटरहरूका लागि 'स्क्रिन रियाक्सन' फिचर निकै उपयोगी हुनेछ । जसको मद्दतले फोनको स्क्रिन रेकर्ड भइरहेका बेला फ्रन्ट सेल्फी क्यामेराबाट आफ्नो अनुहार र रियाक्सन पनि सँगै रेकर्ड गर्न सकिन्छ।

यो प्रविधि टिकटक, यूट्यूब र इन्स्टाग्रामका लागि भिडियो बनाउन निकै सहयोगी हुनेछ। त्यसैगरी, मल्टिटास्किङलाई तीव्र बनाउन स्क्रिनको मुनिपट्टि 'बबल बार' थपिएको छ । जहाँ भर्खरै चलाइएका एपहरू ससाना बबलका रूपमा बस्छन् र एकै पटकमा धेरै एप चलाउन सहज बनाउँछन्।

फोल्डेबल फोनका लागि एउटा नयाँ गेमिङ मोड ल्याइएको छ । जसले आधा स्क्रिनमा गेम र बाँकी आधा स्क्रिनलाई डाइनामिक गेमप्याडमा परिणत गरिदिन्छ। फोन उठाउन नसक्दा कल गर्ने व्यक्तिका लागि आफ्नै आवाजमा आउटगोइङ अडियो म्यासेज रेकर्ड गरेर राख्न मिल्ने र 'टेक अ म्यासेज' सुविधालाई पनि विश्वभर बिस्तार गरिएको छ। सुरक्षा र पेरेन्टल कन्ट्रोल तर्फ पनि एन्ड्रोइड १७ मा ठुलो सुधार गरिएको छ। गुगलको 'फाइन्ड हब' मा अब 'मार्क एन्ड लस्ट' फिचर थपिएको छ । जसले फोन हराएमा बायोमेट्रिक बिना कसैलाई पनि फोन खोल्न दिँदैन। 'लाइभ थ्रेट डिटेक्सन' ले शङ्कास्पद एप र ठगीका कलहरूलाई स्वतः ब्लक गर्नेछ। आमाबुबाले गुगल अकाउन्ट लिंक नगरीकनै केवल एउटा पिन कोड राखेर बच्चाहरूको फोनमा स्क्रिन टाइम र कन्टेन्ट फिल्टर गर्न सक्नेछन्।

अर्कोतर्फ, स्मार्टवाचका लागि ल्याइएको 'वेयर ओएस ७' ले पिक्सेल वाचलाई जीवनरक्षक डिभाइसमा रूपान्तरण गरिदिन्छ। यदि घडीले कार दुर्घटना, कडा गिरावट वा युजरको मुटुको धड्कन रोकिएको पत्ता लगाएमा यसले तुरुन्तै आपत्कालीन सेवा र तोकिएका नजिकका व्यक्तिहरूलाई स्वतः सम्पर्क गर्नेछ।

यसै वर्षदेखि वेयर ओएस ७ मा जेमिनीको 'पर्सनल इन्टेलिजेन्स' फिचर पनि थपिनेछ, जसले युजरले भनेकै भरमा घडीको स्क्रिनमा नयाँ विजेटहरू बनाइदिनेछ र गुगल एप्स तथा च्याट हिस्ट्रीका आधारमा व्यक्तिगत सहयोग गर्नेछ।

नयाँ वेयर ओएसले घडीको ब्याट्री क्षमतालाई १० प्रतिशतले बढाउने र मोबाइलका लाइभ अपडेटहरू सिधै घडीको स्क्रिनमा देखाउने गुगलको दाबी छ। एजेन्सीको सहयोगमा

## फासीवाद......

रहेको त्यो समुदायमाथि नस्लको आरोप लगाउन, राष्ट्रविरोधीको आरोप लगाउन सजिलो हुन्छ।

फासीवादले नृजातीय राष्ट्रवादलाई अङ्गाल्छ। 'हामी महान् थियौँ', 'शत्रुहरू लागेर हामीलाई बिगारेका हुन्'। 'तिनलाई ठीक पारेपछि सबै ठीक हुन्छ', 'यी उपियाँहरूलाई मार्नुपर्छ' अनि बल्ल हामी 'शुद्ध' हुन्छौँ भन्ने हुन्छ।

फासीवादले लोकतन्त्रको कमजोरीबाट पनि फाइदा उठाउँछ। लोकतन्त्रमा चुनावका लागि धेरै पार्टीहरू प्रतिस्पर्धामा जान्छन्। त्यस्तोमा धेरैमा मत बाँडिन्छ। सबैलाई लाग्छ हामी आफ्नो सिद्धान्तमा ठीक छौँ। ठीक यति नै बेला चलाख राजनीतिक उद्यमीले यसैलाई मूल मुद्दा बनाएर आइपुग्छ।

उम्बर्टो इकोले फासीवादको निश्चित लक्षणहरू खुट्याएका छन्। त्यो भनेको परम्पराको पूजा, आलोचनात्मक सोचको अस्वीकार्यता, भिन्नताप्रतिको डर, षड्यन्त्रको राजनीति, शक्तिशालीको पूजा, हिंसा र अनुशासनको महिमा तथा जटिल विचारलाई सरल नारामा घटाउनु।

त्यसैले आजका दिन फासीवाद पुरानो चोलामा फर्किँदैन। समयअनुसार नयाँ आवरण– कहिले जातीय राष्ट्रवाद, कहिले धार्मिक राष्ट्रवाद, कहिले अपराध नियन्त्रण, कहिले भ्रष्टाचार विरोध, कहिले राष्ट्रिय सुरक्षा आदिको आवरणमा आउँछ।

यस्तोमा प्रश्न उठ्छ- हाम्रो देशको निर्वाचित सत्ताधारीको चरित्र कस्तो हो र उनलाई के भन्नु ठीक होला?

मलाई लाग्छ, बालेन शाहको सत्तालाई निर्वाचित राणाशाही भन्दा बेस हुन्छ। अहिलेलाई फासीवाद भन्ने शब्दलाई कमजोर नबनाऔँ। उनलाई तानाशाही पनि भन्न सकिन्छ तर मलाई त्यो शब्द मन पर्दैन। मलाई हाम्रो देशको 'राणाशाही'जस्तो मिल्दोजुल्दो शब्द हुँदाहुँदै 'तानाशाही' किन भन्ने लाग्छ।

राणाशाही भन्दा उनको थररसँग पनि मिल्न जान्छ। हाम्रा सूर्यवंशी बालेन्द्र शाह र उनको राणाशाहीको चरित्र हेर्ने हो भने अभीष्ट 'हाम्रो देश प्रजातन्त्रका लागि तयार भएकै छैन', 'यो देश संविधानवादअनुसार चल्नै सक्दैन', 'यो देश चलाउने आधार भनेको बलियो शासक हो' भन्ने खालको छ।

अब वंशानुगत बलियो शासक ल्यायो भने अन्तर्राष्ट्रिय परिस्थिति, छरछिमेकले मान्दैनन्। तर निर्वाचित अधिशासक भयो भने त त्यसको एउटा वैधानिकता पनि हुन्छ। त्यसैले 'यो देश बनाउने हो', 'भ्रष्टाचारमुक्त गर्ने हो', 'विकासको बाटोमा लाने हो', 'मङ्गल ग्रहमै जग्गा किन्न सक्ने बनाउने हो' भन्ने ढङ्गले बोलिरहेका हुन्छन्।

यो भनेको आर्थिक रूपमा पुँजीवाद, सामाजिक रूपमा बाहुनवाद, सांस्कृतिक रूपमा हिन्दु धर्मको वर्चस्वलाई यथावत् राख्न खोजिएको हो। यो सबै मिसिँदा के बन्छ त भन्दा समग्रमा निर्वाचित राणाशाहीमार्फत यो देश सञ्चालन गर्नुपर्छ भनेको हो। यस विचारसँग सहमत हुनेहरू नेपालमा सम्भ्रान्त हुन्छन्। सूर्यवंशी बालेन्द्र शाहले यसैलाई राम्रोसँग समातेजस्तो देखिन्छ।

आजको युगको टेक्नोलोजी त्यसैका लागि सहयोगी भएको छ। यसको सबैभन्दा बलियो उदाहरण- राजा महेन्द्रको पालामा धनगढीमा एउटा दङ्गाका कारण दुई टेलिफोन बन्द गर्नुपर्ने भयो। महेन्द्रले अञ्चलाधीशलाई भने, अञ्चलाधीशले त्यहाँको सञ्चार संस्थानको म्यानेजरलाई भने। उनले यसका लागि काठमाडौँ सोध्नुपर्छ भने। काठमाडौँबाट सोधेर धनगढीको टेलिफोन स्विच अफ गर्दासम्म तीन दिन लाग्यो र त्यतिबेलासम्म त्यहाँको दङ्गा सामान्य भइसकेको देखेपछि टेलिफोन नै बन्द गर्नु परेन। तर, आजका दिन यो कुरा कथाजस्तो भइसक्यो।

टेक्नोलोजी आजका दिन 'कन्ट्रोल मल्टिप्लायर' हो।

फासीवादले कसरी काम गर्छ भन्नेबारेमा होलोकास्टबाट भागेर अमेरिका पुगेका प्रिन्स्टन विश्वविद्यालयका विद्वान् अर्नस्ट फ्राङ्केलले आफ्नो पुस्तक 'द डुअल स्टेट' (त्जभ म्गार्बा क्तबतभ) मा यसले दुई तहमा काम गर्छ भनेका छन्। एकथरी मानिसका लागि यसले कानुनी प्रशासन, अदालत, निर्वाचन चलाइरहेको हुन्छ। यसबाट लाभान्वितहरूलाई सबै कुरा ठीक छ, सामान्य छ भन्ने नै लाग्छ।

अर्थात् रेल समयमा खुल्न थालेको छ। सबै कर्मचारी समयमै अफिस आइरहेका छन्। तर त्यससँगसँगै एउटा समानान्तर स्टेट पनि चलिरहेको हुन्छ।

समानान्तर स्टेट कस्तो हुन्छ भने शासकलाई जे मन पर्छ त्यो हुन्छ, जे मन पर्दैन त्यो हुँदैन। मन नपरेका मारिन्छन्, मन पर्ने व्यक्तिले पद पाएर हल्लाखल्ला गरिरहेको हुन्छ। र, समाजको बुद्धिजीवी वर्गले आफ्नो बाँच्ने आधार नभत्कियोस् भन्नका लागि सन्तुलनको नाममा सबै ठीक छ, राम्रो छ भनिरहेको हुन्छ। यसले सबैभन्दा बल शासकलाई नै अथवा भन्नुस् राणाशाहीलाई नै पुऱ्याइरहेको हुन्छ।

अब यस्तो अवस्थामा तपाईं आफैँ भन्नुस्– सन्तुलनको नाममा, हनिमुन पिरियडसम्म नबोलौँ भन्ने नाममा, जनमतको आधारमा आएको शासकको नाममा छुट दिनुपर्छ भन्ने म ठान्दिनँ। कुनै जनावर कुकुरजस्तो गरी हिँड्छ, कुकुरजस्तो भुक्छ र चालामाला हेर्दा बहुलाएजस्तो छ भने त्यसलाई पहिले कसैलाई टोक्न दिऔँ, टोकेपछि मात्र निराकरणतर्फ लागौँला भनी छोड्न मिल्छ?

*साभार : रातोपाटीडटकम*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि- Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# पत्रकार सुरक्षाबिना लोकतन्त्र बलियो हुँदैन : मन्त्री महतो




दैनिक समाचारदाता
जनकपुरधाम, ६ असार। नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिको पाँचौं साधारणसभा शनिबार महोत्तरीको बर्दिबासमा सम्पन्न भएको छ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्यामप्रसाद बञ्जाराको अध्यक्षतामा सम्पन्न साधारणसभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले पत्रकारिता क्षेत्र लोकतन्त्रको महत्वपूर्ण आधारस्तम्भ भएकाले पत्रकारहरू स्वतन्त्र, निष्पक्ष र निर्भीक रूपमा काम गर्न सक्ने वातावरण सुनिश्चित हुनुपर्ने बताएका छन्।

पत्रकारले सुरक्षाको अनुभूति गर्न नसके अभिव्यक्ति स्वतन्त्रता कमजोर हुने र त्यसको प्रत्यक्ष असर लोकतान्त्रिक प्रणालीमा पर्ने उल्लेख गर्दै उनले पत्रकारको सुरक्षा र स्वतन्त्रता लोकतन्त्र सुदृढीकरणको पूर्वशर्त भएको बताए।

"पत्रकार स्वतन्त्र हुनुपर्छ, पत्रकारले सुरक्षाको अनुभूति गर्नुपर्छ। जब पत्रकार सुरक्षित र स्वतन्त्र हुन्छन्, तब मात्र लोकतन्त्रको वास्तविक अभ्यास सम्भव हुन्छ," मन्त्री महतोले भने।

उनले सञ्चार क्षेत्रलाई सुदृढ बनाउन प्रदेश सरकार सकारात्मक रहेको उल्लेख गर्दै पत्रकारका पेशागत समस्या समाधान तथा सञ्चार क्षेत्रको विकासका लागि आवश्यक सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताए। सञ्चार क्षेत्रको विकासमा सरकार र पत्रकार समुदायबीच सहकार्य अपरिहार्य रहेको उनको धारणा थियो।

कार्यक्रममा श्रम तथा यातायातमन्त्री शारदा देवी थापाले समाजमा समानता, न्याय र सुशासन स्थापना गर्न सञ्चार क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताइन्। पत्रकारिताले जनताका आवाजलाई नीति निर्माण तहसम्म पुऱ्याउने माध्यमका रूपमा काम गर्ने भएकाले पत्रकारको क्षमता अभिवृद्धि र पेशागत संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्ने उनले बताइन्।

मन्त्री थापाले सीमित स्रोत-साधनका बाबजुद प्रदेश सरकारले जनअपेक्षाअनुसार काम गर्ने प्रयास गरिरहेको उल्लेख गरिन्।

"मधेश प्रदेशमा चुनौती र समस्या दुवै धेरै छन्। सीमित स्रोतका बीच जनताको आवश्यकता पूरा गर्नुपर्ने अवस्था छ। बजेट सीमित भए पनि सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्ने छैन," उनले भनिन्।

उनले विकास निर्माण, रोजगार सिर्जना, यातायात व्यवस्थापन तथा सामाजिक क्षेत्रका समस्याको समाधानका लागि प्रदेश सरकार निरन्तर प्रयासरत रहेको जानकारी दिइन्।

कार्यक्रममा सहभागी वक्ताहरूले प्रेस स्वतन्त्रता, पत्रकारको पेशागत सुरक्षा, श्रम अधिकार, सञ्चार क्षेत्रको संस्थागत विकास तथा प्रदेशस्तरमा सञ्चारमैत्री नीति निर्माणको आवश्यकता औंल्याएका थिए। उनीहरूले पत्रकारिता क्षेत्रलाई थप मर्यादित, व्यावसायिक र उत्तरदायी बनाउन राज्य, सञ्चार संस्था तथा पत्रकार स्वयंको भूमिका महत्वपूर्ण रहने धारणा व्यक्त गरे।

महासंघका प्रदेश अध्यक्ष बञ्जाराले चुनौतीपूर्ण परिस्थितिका बीच पत्रकारिता क्षेत्रले आफ्नो दायित्व निर्वाह गरिरहेको उल्लेख गर्दै पत्रकारहरूको हकहित, पेशागत सुरक्षा तथा क्षमता विकासका लागि महासंघ निरन्तर क्रियाशील रहेको बताए।

बदलिँदो सञ्चार परिवेशमा पत्रकारहरूले तथ्यमा आधारित, जिम्मेवार र जनपक्षीय पत्रकारितालाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै उनले पत्रकारको सुरक्षा, सामाजिक सुरक्षा, श्रम अधिकार तथा पेशागत सम्मान सुनिश्चित गर्न सम्बन्धित निकायसँग निरन्तर पहल भइरहेको जानकारी दिए।

साधारणसभामा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका पत्रकार, सञ्चारकर्मी, महासंघका पदाधिकारी तथा प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो। महासंघकी महिला उपाध्यक्ष ज्योति झाले कार्यक्रममा पत्रकारिता क्षेत्रका समसामयिक चुनौती, संगठनको भावी कार्यदिशा तथा सञ्चार क्षेत्रको विकाससम्बन्धी विषयमा विस्तृत छलफल भएको जानकारी दिइन्।

## पत्रकार....

महासंघद्वारा जारी विज्ञप्तिमा पत्रकारमाथि हुने यस्ता आपराधिक गतिविधि कुनै पनि हालतमा स्वीकार्य नहुने उल्लेख गर्दै नागरिकको सुरक्षा, बाँच्न पाउने अधिकार तथा व्यक्तिगत स्वतन्त्रतामाथिको हस्तक्षेपको विरोध गरिएको छ।महासंघले घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल कानुनी दायरामा ल्याई कडा कारबाही गर्न स्थानीय प्रशासन र नेपाल सरकारसँग माग गरेको छ। साथै, आक्रमणबाट घाइते भएका पत्रकार यादवको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उनको उपचारको उचित व्यवस्था मिलाउन सम्बन्धित निकायसँग आग्रह गरेको छ। दोषीलाई तत्काल पक्राउ गरी कानुनी प्रक्रिया अघि नबढाइए महासंघ कडा आन्दोलनका कार्यक्रम सञ्चालन गर्न बाध्य हुने चेतावनीसमेत विज्ञप्तिमार्फत दिइएको छ।

# खेतमा काम गरिरहेका मजदुरको मृत्यु

दैनिक समाचारदाता
सिरहा, ६ असार । सिरहाको लहान नगरपालिका-२४ मा खेतमा काम गरिरहेका एक मजदुरको मृत्यु भएको छ। मृत्यु हुनेमा लहान नगरपालिका-१४ निवासी ५८ वर्षीय फागु सदा रहेका छन्।



शनिबार साँझ करिब ६:४५ बजे स्थानीय देवु यादवको खेतमा एक व्यक्ति मृत अवस्थामा रहेको सूचना प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी निरीक्षक नरेश लिम्बुका अनुसार प्रारम्भिक अनुसन्धानबाट फागु सदा खेतमा काम गरिरहेका बेला अचानक लडेको खुलेको छ। लडेपछि घटनास्थलमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ।प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा मृतक छारे रोग (मिर्गी) का बिरामी रहेको तथ्य खुलेको छ। यद्यपि मृत्युको वास्तविक कारण भने पोस्टमार्टम रिपोर्ट तथा थप अनुसन्धानपछि मात्र यकिन हुने प्रहरीले जनाएको छ।

घटनास्थललाई सुरक्षित राखी आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# पाथीभरा अध्ययन कार्यदलप्रति महतोको स्वागत

दैनिक समाचारदाता
काठमाडौं, ६ असार । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले पाथीभरा ( मुक्कुमलुङ) केबलकार परियोजनाबारे अध्ययन गर्न सरकारले गठन गरेको कार्यदलको स्वागत गरेका छन्। शनिबार जारी प्रेस विज्ञप्तिमार्फत उनले प्रधानमन्त्रीका सामाजिक विकास विज्ञ विश्वहाङ राईको संयोजकत्वमा गठित अध्ययन कार्यदलको निर्णयप्रति स्वागत तथा सम्मान व्यक्त गरेका हुन्।
महतोले मुक्कुमलुङ (पाथीभरा) केवल भौगोलिक क्षेत्र मात्र नभई किरात सभ्यता, मुन्धुमी दर्शन, आदिवासी-जनजाति समुदायको ऐतिहासिक स्मृति, सांस्कृतिक अस्तित्व र आध्यात्मिक आस्थाको जीवित केन्द्र रहेको उल्लेख गरेका छन्।
"विकासका नाममा कुनै पनि समुदायको इतिहास, पहिचान, संस्कृति र सभ्यतामाथि अतिक्रमण हुनु स्वीकार्य हुन सक्दैन भन्ने मान्यता सुरुदेखि नै मेरो रहँदै आएको छ," विज्ञप्तिमा उनले उल्लेख गरेका छन्।
मुक्कुमलुङ संरक्षण आन्दोलनमा



सहभागी विभिन्न पक्षको दृढता, त्याग र प्रतिबद्धताका कारण सरकारले अध्ययन कार्यदल गठन गर्न बाध्य भएको महतोको भनाइ छ।
उनले कार्यदलले केबलकार परियोजना रोक्ने वा खारेज गर्ने विषयमा मात्र सीमित नरही परियोजनासँग सम्बन्धित सम्भावित अनियमितता, प्रक्रियागत त्रुटि, कानुनी कमजोरी, ऐतिहासिक तथा सांस्कृतिक सम्पदामाथिको अतिक्रमण तथा स्थानीय समुदायको अधिकारमाथि भएको बेवास्ताको समेत समग्र अध्ययन गर्नुपर्ने बताएका छन्।
साथै, मुन्धुमी सभ्यताको सम्मान र सांस्कृतिक संवेदनशीलतालाई ध्यानमा राख्दै कार्यदलले वस्तुगत, निष्पक्ष र तथ्यमा आधारित प्रतिवेदन प्रस्तुत गर्ने अपेक्षा आफूले गरेको महतोले जनाएका छन्।

# बागमतीले बगाउँदा ६ वर्षीय बालक बेपत्ता



दैनिक समाचारदाता
सर्लाही, ६ असार । सर्लाहीको बागमती नगरपालिका-७ मा बागमती नदीले बगाउँदा एक बालक बेपत्ता भएका छन्। नदीमा पौडी खेल्न गएका चार बालकमध्ये एक जना बेपत्ता भएका हुन् भने अन्य तीन जना सकुशल घर फर्किएका छन्।

बागमती नगरपालिका-७ निवासी सरगम माझीका ६ वर्षीय छोरा सफल माझी शुक्रबार साँझ बागमती नदीमा पौडी खेल्ने क्रममा बाढीले बगाएर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक ( डीएसपी) वेदप्रसाद गौतमका अनुसार बालक बेपत्ता भएको जानकारी शनिबार बिहान करिब ६:३० बजे मात्र प्रहरीमा प्राप्त भएको थियो।

उनले बेपत्ता बालकको खोजीका लागि स्थानीयवासी, प्रहरी चौकी राजघाट, इलाका प्रहरी कार्यालय बरहथवा तथा सशस्त्र प्रहरीको टोली परिचालन गरिएको जानकारी दिए।

सफलसँगै नदीमा पौडी खेल्न गएका अन्य तीन बालक भने सकुशल बाहिर निस्केर शुक्रबार साँझ नै घर फर्किएका थिए।

बर्खायाम सुरु भएसँगै बागमती नदीसहित जिल्लाका विभिन्न खोला तथा खोल्सामा आकस्मिक बाढी आउन थालेकाले आवश्यक सतर्कता अपनाउन जिल्ला प्रहरी कार्यालय सर्लाहीले सर्वसाधारणसँग आग्रह गरेको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४